श्री सर्वोच्च अदालतबाट

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री तिल प्रसाद श्रेष्ठ

माननीय न्यायाधीश श्री टेकप्रसाद ढुङ्गाना

०८०-WO-११५७

विषय:- <u>उत्प्रेषण समेत</u>

नेपालको गैर आबासीय नेपाली सम्बन्धी ऐन, २०६४ र गैर आवासीय नेपाली सम्बन्धी नियमावली, २०६६ बमोजिम संस्थापित काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ४, बालुबाटार, काठमाण्डौमा रहेको गैर आवासीय नेपाली संघको ११ औं अन्तर्राष्ट्रिय महाधिवेशनबाट निर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषद् (२०२३-२०२५ कार्यकाल) को तर्फबाट अख्तियार प्राप्त ऐ. का सहकोषाध्यक्ष कृष्ण प्रसाद तिमल्सेना--------------------१
खोटाङ जिल्ला, केपिलासगढी गाउँपालिका वडा नं. ३ स्थायी ठेगाना भएकी मोहन प्रधानकी छोरी, हिरा धन राईको श्रीमती गैरआवासीय नेपाली संघको ११ औं अन्तर्राष्ट्रिय महाधिवेशनबाट निर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषद् (२०२३- २०२५ कार्यकाल) को महिला उपाध्यक्ष रोजिना प्रधान राई------१
काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २६ ठेगाना भई हाल Flat G,3/Fl Block 1 prosperous Garder ३ public Square street Yau ma Tai kln Hong Kong, बस्ने राम फल गुरुङकी छोरी तेज प्रकाश पुनको श्रीमती गैर आवासीय नेपाली संघको ११ औं अन्तर्राष्ट्रिय महाधिवेशनबाट निर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषद् (२०२३-२०२५ कार्यकाल) को सचिव राधिका गुरुङ---------------------------------------------------------------------------------------------१ <u>निवेदक</u> पक्ष

धादिङ जिल्ला, नीलकण्ठ नगरपालिका वडा नं.१४ ठेगाना भई हाल ७ Southbourne Gardens Ha4 9ty, United Kingdom स्थायी ठेगाना भएको ईन्द्र

कान्त तिमल्सेनाको छोरा, टंक प्रसाद तिमल्सेनाको छोरा वर्ष ४९ को गैर
आवासीय नेपाली संघको ११ औं अन्तर्राष्ट्रिय महाधिवेशनबाट निर्वाचित
अन्तर्राष्ट्रिय समन्वय परिषद् (२०२३-२०२५ कार्यकाल) को सहकोषाध्यक्ष
---------------------------------------------------------------------------१
कृष्ण प्रसाद तिमल्सेना
गरी ४ जनाको वारिस कञ्चनपुर जिल्ला, भिमदत्त नगरपालिका वडा नं. १५
स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा
नं. ३ बस्ने बर्ष २४ की अधिवक्ता सुप्रेक्षा जोशी---------------------------------१

विरूद्ध

श्री परराष्ट्र मन्त्रालय, सिंहदरबार, काठमाण्डौ-----------------------------------१ प्रत्यर्थी
श्री नीति, योजना, विकास कूटनीति तथा विदेशमा रहेका नेपाली सम्बन्धी विपक्षी
महाशाखा, परराष्ट्र मन्त्रालय, सिंहदरबार, काठमाण्डौ-----------------------------१

नेपालको संविधानको धारा ४६ र १३३(२),(३) बमोजिम यस अदालतको
असाधारण अधिकार क्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य
एवं आदेश यस प्रकार छः-

<u>रिट निवेदनको संक्षिप्त तथ्य</u>

१. गैरआवासीय नेपाली संघको विधान २००३ को दफा १७ को उपदफा १७.१४ मा
"अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदावधि दुई बर्षको हुनेछ" भन्ने कानूनी व्यवस्था भएको
हुँदा संघको २०८०/०६/३० देखि मिति २०८०/०७/०५ सम्म भएको ११ औं
अन्तर्राष्ट्रिय महाधिवेशनमा सन् २०२३-२०२५ कार्यकालका लागि अन्तर्राष्ट्रिय समन्वय
परिषद्को पदाधिकारीको लागि निर्वाचन भई निवदेक अन्तर्राष्ट्रिय समन्वय परिषद् (सन्
२०२३-२०२५ कार्यकाल) गठन भएको थियो । ११ औं अन्तर्राष्ट्रिय महाधिवेशनबाट
सन् २०२३-२०२५ कार्यकालका लागि निर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषद्ले मिति
२०८०/०७/०५ देखिनै आफ्नो काम कारबाही गरी आएको छ। संघको
२०८०/०७/०५ मा सम्पन्न ११ औं अन्तर्राष्ट्रिय महाधिवेशन तथा उक्त महाधिवेशमा
भएको निर्वाचनबाट निर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषद् (सन् २०२३-२०२५
कार्यकाल) को वैधानिकताको सम्बन्धमा कुनै अड्डा अदालतले प्रश्न खडा गरी हाल सम्म
११ औं महाधिवेशनबाट निर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषद् (सन् २०२३-२०२५

सर्वोच्च अदालत

कार्यकाल। लाई कुनै काम [illegible]ही नगर्न रोक लगाएको छैन । ११ औं महाधिवेशनमा
भएको निर्वाचनको वैधताको सम्बन्धमा समेत कुनै अड्डा अदालतले प्रश्न गरी अन्तर्राष्ट्रिय
समन्वय परिषद् (सन् २०२३-२०२५ कार्यकाल) को काम कारवाही प्रभावित बन्ने गरी
कुनै रोक-तोक लगाएको समेत छैन। विपक्षी परराष्ट्र मन्त्रालयबाट मिति
२०८०/१२/२८ को प.सं. २०८०/८१,च.नं. PPDO/MI९,०४० को पत्र मार्फत निम्न
व्यहोरा प्रेषित गरेको रहेछ: "श्री सर्वोच्च अदालतको आदेश अनुरुप समानान्तर रूपमा
गठन गरिएको अन्तर्राष्ट्रिय समन्बय परिषद् र तत्पश्चातको संघको अन्तर्राष्ट्रिय समन्वय
परिषद्को निर्वाचन लगायतका अन्य काम कारवाही तथा गतिविधिहरुले अधिकारिकता प्राप्त
नगर्ने भएको हुँदा सोही आदेश बमोजिम तोकिएको उच्च स्तरिय समितिले एकताको
महाधिवेशन गरी नयाँ अन्तर्राष्ट्रिय समन्वय परिषद्को गठन नभए सम्मका लागि संघको
सचिबालयबाट नियमित प्रशासनिक काम कारवाही बाहेक संघको गरिमा, एकता, उद्देश्य र
प्रभावकारितामा प्रभाव पार्ने, अतिरिक्त आर्थिक दायित्व बहन गर्नु पर्ने, गैरआवासीय
नेपालीहरुको एकता, पारस्परिक सहयोग र सद्भाव अभिबृद्धिमा आघात पुग्ने प्रकारका कुनै
पनि गतिविधिहरु नगर्नु हुन तथा नगराउनु हुन गैरआवासीय नेपाली सम्बन्धी नियमावली
२०६६ को नियम १६ को उपनियम (२) बमोजिम अनुरोध गरिएको छ ।" भनी
सम्मानित सर्वोच्च अदालतको मिति २०८०/१२/२१ को आदेशको अपव्याख्या गरी
संघको ११ औं अन्तर्राष्ट्रिय महाधिवेशन र उक्त महाधिवेशनबाट सन् २०२३-२०२५
कार्यकालका लागि निर्वाचित भएको अन्तर्राष्ट्रिय समन्वय परिषद्को काम कारवाहीको
आधिकारिता समेत अनुचित बन्देज लगाउने गरी जारी भएको विपक्षी परराष्ट्र मन्त्रालयको
मिति २०८०/१२/२८ को पत्र कानून विपरित र अन्यायपूर्ण रहेको हुँदा विपक्षी परराष्ट्र
मन्त्रालयले उल्लेख गरेको आदेशमा कहि कतै हाल कायम रहेको अन्तर्राष्ट्रिय समन्वय
परिषद् (सन् २०२३- २०२५ कार्यकाल) को बैधानिकता एवं हाल कायम अन्तर्राष्ट्रिय
समन्वय परिषद्को निर्वाचनको सम्बन्धमा कुनै विषय उल्लेख नै भएको छैन । १० औं
महाधिवेशनबाट चुनिएको अन्तर्राष्ट्रिय समन्वय परिषद् (सन् २०२१ २०२३ कार्यकाल)
विवादको सम्बन्धमा उक्त आदेश भएको उक्त आदेशबाट स्वतः प्रष्ट हुन्छ । मिति
२०८०/१२/२१ को आदेश जुन निवेदन उपर परेको हो सो निवेदन नै हालको
अन्तर्राष्ट्रिय समन्वय परिषद् (सन् २०२३-२०२५ कार्यकाल) निर्वाचित हुनु धेरै अघिको
अन्तर्राष्ट्रिय समन्वय परिषद् (सन् २०२१-२०२३ कार्यकाल) संग सम्बन्धित रहेको
आदेश व्यहोराबाटै प्रष्ट छ । यसरी हालको अन्तर्राष्ट्रिय समन्वय परिषद् (सन् २०२३-
२०२५ कार्यकाल) पक्षनै नरहेको, हाल कायम अन्तर्राष्ट्रिय समन्वय परिषद् (सन्
२०२३-२०२५ कार्यकाल) को वैधानिकता एवं ११ औं अन्तर्राष्ट्रिय महाधिवेशनमा
भएको निर्वाचनको सम्बन्धमा आदेश नभई अन्य बिषयमा आदेश भएको तथा जुन

मन्त्रालयबाट पत्राचार भएको हो उक्त आदेशमा
आदेशको आधारमा विपक्षी संघीय
विपक्षी परराष्ट्र मन्त्रालयको मिति २०८०/१२/२८ को पत्र व्यहोरा समर्थन गर्ने (सन्
२०२३-२०२५ कार्यकालको अन्तर्राष्ट्रिय समन्वय परिषद्को सम्बन्धमा) कुनै विषय
उल्लेख नै नभएका अवस्थामा विपक्षी परराष्ट्र मन्त्रालयको मिति २०८०/१२/२८ को
पत्र बदर भागी छ। संघको ११ औं अन्तर्राष्ट्रिय महाधिवेशन र उक्त महाधिवेशनबाट
सन् २०२३-२०२५ कार्यकालका लागि निर्वाचित भएको अन्तर्राष्ट्रिय समन्वय परिषद्को
काम कारवाहीको आधिकारिता समेत अनुचित बन्देज लगाउने गरी जारी भएको विपक्षी
परराष्ट्र मन्त्रालयको मिति २०८०/१२/२८ को पत्र नेपालको संविधानको धारा १७(२)
(घ), १८(१), २०(९) र धारा २५ द्वारा प्रदत्त मौलिक हकहरुका साथै कानूनी हकहरु
समेत कुण्ठित भएको हुँदा विपक्षीहरुको नाममा उत्प्रेषणसमेतको आदेश जारी गरी पाउँ
भनी निवेदक कृष्ण प्रसाद तिमल्सेनासमेतका तर्फबाट परेको रिट निवेदन।

२. यसमा, के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो?
आदेश जारी हुनु नपर्ने भए आधार, कारण, र प्रमाण सहित यो आदेश प्राप्त भएका मितिले
बाटाका म्याद बाहेक १५ दिन भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ
पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरुका नाममा
म्याद सूचना जारी गरी म्याद भित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार
पेस गर्नू । निवेदकले अन्तरिम आदेश समेत जारी गरी पाउँ भनी माग गरे तर्फ हेर्दा,
निवेदकले माग गरेको विषयवस्तुको प्रकृतिलाई दृष्टिगत गर्दा दुबै पक्ष राखी अन्तरिम
आदेश जारी गर्ने वा नगर्ने निष्कर्षमा पुग्न उपयुक्त देखिएकोले मिति २०८१।०१।३१
गते सोमबारका दिन अन्तरिम आदेशको छलफलको लागि पेशी तोकी सोको जानकारी
दुबै पक्षलाई दिनु । साथै, उक्त पेशीमा यस अदालतबाट मिति २०८०।१२।२१ मा
अन्तिम आदेश भएको मुद्दा नं. ०७९-WO-१५०७ को रिट निवेदनको मिसिल
अवलोकनको लागि साथै राखी नियमानुसार पेश गर्नू भन्ने समेत बेहोराको मिति
२०८१/०१/२४ गते यस अदालतबाट भएको आदेश।

३. रिट निवेदकले सन् २०२२ मार्च २२ देखि २५ मा होटल याक एण्ड यतीमा गरेको
अलगै महाधिवेशन र उक्त महाधिवेशनले निर्वाचित गरेको अन्तर्राष्ट्रिय समन्वय परिषदले
आधिकारिकता नपाउने र रिट निवेदकका प्रत्यार्थीहरुले सन् २०२२ मार्च २६ र २७ मा
होटल हिमालय कुपण्डोलमा समानान्तर रुपमा गरेको अर्को महाधिवेशन र निर्वाचनले
समेत मान्यता प्राप्त गर्न नसक्ने हुँदा संघको गरिमा, एकता, उद्देश्य र प्रभावकारीतालाई
नकारात्मक प्रभाव पर्नबाट जोगाउन अन्तर्राष्ट्रिय समन्वय परिषदको ८१ औं बैठकले
गठन गरेको उच्च स्तरीय समिति गठन गर्ने सम्बन्धमा कुनै विवादसमेत भएको

सर्वोच्च अदालत
काठमाडौं

नदेखिएकाले सोही निर्णयमा आधारित भई गैर आवासीय नेपाली संघको मर्म र उद्देश्य
अनुरुप संघको सदस्यता, महाधिवेशन प्रतिनिधि छनोट, निर्वाचन वा अधिवेशन आयोजना
गर्ने सम्बन्धमा सो उच्च स्तरीय समितिलाई यथावत् कायम राखे, उक्त उच्च स्तरिय
समितिले समितिको पहिलो बैठक बसेको मितिले ६ महिना भित्र संघको सदस्यता, निर्वाचन
तथा अधिवेशन प्रतिनिधिको छनौट लगायत सम्बद्ध सम्पूर्ण विवादको समाधान गरी
एकताको महाधिवेशन गर्ने गराउने भन्ने व्यहोराको संक्षिप्त आदेशको प्रतिलिपि मन्त्रालयमा
मिति २०८०।१२।२२ मा प्राप्त हुन आएको । सम्मानीत अदालतको माथी उल्लिखित
आदेशले संघको दशौं महाधिवेशन हुनु भन्दा अगाडी मिति २०७८।१०।०१ को
अवस्थामा संघलाई पुर्याएको हुँदा उक्त उच्च स्तरीय समितिले संघको एकतापुर्ण
महाधिवेशन गरी आधिकारिक अन्तर्राष्ट्रिय समन्वय परिषद्को गठन नगरे सम्म मिति
२०७८।१०।०१ देखि हाल सम्म संघले गरेका कुनै पनि प्रकारका महाधिवेशन तथा
निर्वाचनहरुको वैधानिकता नहुने भएको हुँदा अवैधानिक तथा विवादित महाधिवेशनबाट
निर्वाचित भएका रिट निवेदक समेत अवैधानिक भएकाले गैर आवासीय नेपाली समुदायको
आदर्श र मूल्य मान्यता तथा गैर आवासीय नेपालीहरुबीच पारस्परिक सहयोग र सद्भाव
अभिबृद्धिको मर्म, भावना, हित, गरिमा, एकता र प्रभावकारीतामा पर्न जाने नकारात्मक
प्रभावबाट जोगाउनका लागि तथा सम्मानीत सर्वोच्च अदालतको माथी उल्लिखित संक्षिप्त
आदेशको कार्यान्वयन हेतु गैर आवासीय नेपाली सम्बन्धी नियमावली, २०६६ को नियम
१६ को उपनियम (२) बमोजिम मन्त्रालयबाट मिति २०८०।१२।२८ मा "सर्वोच्च
अदालतको आदेश बमोजिम तोकिएको उच्च स्तरीय समितिले एकताको महाधिवेशन गरी
नयाँ अन्तर्राष्ट्रिय समन्वय परिषद्को गठन नभए सम्मका लागि संघको सचिवालयबाट
नियमित प्रशासनिक काम कारवाही बाहेक संघको एकता, पारस्परिक सहयोग र सद्भाव
अभिवद्धिमा आघात पुग्ने प्रकारका कुनैपनि गतिविधिहरु नगर्नु" भन्ने व्यहोराको पत्राचार
गरिएको हो । पत्राचारबाट निजको संघ संस्था खोल्न पाउने स्वतन्त्रता, कानूनको समान
संरक्षणको हक, स्वच्छ सुनुवाईको हक र सम्पत्ति सम्बन्धी हकलाई कुण्ठित नगरिएको
हुँदा प्रस्तुत रिट निवेदन खारेज भागी छ, खारेज गरी पौऊ भन्ने समेत बेहोराको परराष्ट्र
मन्त्रालयको नीति, योजना, विकास कुटनीति तथा बिदेशमा बस्ने नेपाली सम्बन्धी
महाशाखाको तर्फबाट ऐ. महाशाखाको प्रमुख लक्ष्मण खनाल र परराष्ट्र मन्त्रालयको
तर्फबाट ऐ. मन्त्रालयको नि. सचिव अमृत बहादुर राईको एकै प्रकृतिको संयुक्त लिखित
जवाफ ।

४. यसमा प्रत्यर्थीहरुको लिखित जवाफ परिसकेको देखिन्छ। प्रस्तुत मुद्दाको गाम्भीर्यता
समेतलाई विचार गरी प्रस्तुत मुद्दा पूर्ण सुनुवाईको मिति २०८१।०३।२५ को पेशी
तोकी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार दिई

सर्वोच्च अदालत
काठमाडौं

नियमानुसार पेश गर्नू। साथै प्रस्तुत विवादको सम्बन्धमा रिट निवेदनमा उल्लिखित सम्बद्ध कागजात सहितको फाइल समेत निवेदकको कानून व्यवसायी मार्फत पेशीका दिन लिई आउनु भनी जानकारी गराउनु भन्ने यस अदालतको मिति २०८०।०३।०७ को आदेश।

५. यसमा यस अदालतबाट मिति २०८१।०१।२४ मा भएको आदेशानुसार रिट नं ०७९-WO-१५०७ मिति २०८०।१२।२१ मा भएको आदेशको पूर्णपाठ सहितको मिसिल अवलोकनार्थ साथै राखी मिति २०८१।०४।२२ मा पेशी तोकी पेश गर्नू भन्ने समेत व्यहोराको यस अदालतको मिति २०८१।०४।१५ को आदेश।

<u>यस अदालतको आदेश</u>

६. नियमानुसार पेशी सूचीमा चढी आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा उठाइएको विवादको मूल बिषयलाई हेर्दा प्रस्तुत रिट निवेदकहरुलाई विपक्षी परराष्ट्र मन्त्रालयको कार्यालयको मिति २०८०/१२/२८ को पत्र मा "सर्वोच्च अदालतको आदेश बमोजिम तोकिएको उच्च स्तरीय समितिले एकताको महाधिबेशन गरी नयाँ अन्तर्राष्ट्रिय समन्वय परिषद्को गठन नभए सम्मका लागि संघको सचिवालयबाट नियमित प्रशासनिक काम कारवाही बाहेक संघको एकता, पारस्परिक सहयोग र सद्भाव अभिवृद्धिमा आघात पुग्ने प्रकारका कुनैपनि गतिविधिहरु नगर्नु" भन्ने व्यहोराको पत्राचार गरिएको रहेछ। नेपाल सरकार परराष्ट्र मन्त्रालयबाट मिति २०८०।१२।२८ मा जारी पत्रले निवेदकको हक हितलाई असर पारेको छ। उक्त पत्र परिपत्र आदेश एवं निर्णय बदर गराउन माग दावी रहेछ। साथै गैरआवासीय नेपाली संघ (यस पछि संघ भनी उल्लेख गरिएको) ११ औं अन्तर्राष्ट्रिय महाधिबेशनबाट निर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषद् (सन् 2023-2025) को कार्यकाललाई काम काज गर्न दिनु दिलाउन उपयुक्त आदेश जारी गरिपाउँ भन्ने मुल जिकिर रहेको रहेछ । सो आदेश विद्यमान कानून र यस अदालतबाट प्रतिपादित सिद्धान्तहरु समेतको विपरित रहेको भनी नेपाल सरकार परराष्ट्र मन्त्रालयबाट मिति २०८०।१२।२८ मा जारी पत्र र निर्णयलाई उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदन माग बमोजिम परमादेशको आदेश समेत जारी गरी पाउन माग दावी लिई प्रस्तुत रिट निवेदन यस अदालतमा पर्न आएको देखियो।

७. प्रस्तुत निवेदनमा आज सुनुवाइका क्रममा निवेदक तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री राधेश्याम अधिकारी, श्री बद्री बहादुर कार्की र श्री रामनारायण

सर्वोच्च अदालत
काठमाडौं

बिडारी तथा विद्वान अधिवक्ताहरु श्री अपूर्व खतिवडा र श्री भोजराज आचार्यले रिट निवेदकले गैर आवासिय नेपाली सम्बन्धी ऐन, २०६४ को दफा १६ ले गैर आवासिय नेपाली संघ खोल्ने र दर्ता गर्ने सम्बन्धी व्यवस्था रहेकोमा सोही ऐनले दिएको अधिकार अन्तर्गत नेपाल सरकारले बनाएको गैर आवासीय नेपाली सम्बन्धी नियमावली, २०६६ को परिच्छेद - ४ मा संघ सम्बन्धी व्यवस्था बमोजिम ऐ. नियमावलीको नियम १२ मा संघको दर्ता र नविकरण सम्बन्धी व्यवस्था गरेको हुँदा सम्मानित सर्वोच्च अदालतले सो सम्बन्धित कुनै आदेश निवेदकहरुको नाममा नगरेको अवस्थामा निवेदकसँग सम्बन्ध नभएको विषयमा सम्मानित सर्वोच्च अदालतले मिति २०८०/१२/२१ मा जारी गरेको आदेशको आधारमा निवेदकहरुलाई काम गर्न रोक लगाउने बिपक्षी मन्त्रालयको मिति २०८०/१२/२८ को आदेश (पत्राचार) गैरकानूनी, अधिकारक्षेत्र विहिन एवं त्रुटीपूर्ण रहेकोले उत्प्रेषण समेतको आदेशद्वारा बदर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

८. बिपक्षी परराष्ट्र मन्त्रालय, सिंहदरबार, काठमाण्डौसमेतको तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ताद्वय श्री सूर्यराज दाहाल र श्री गोविन्द खनालले नेपालको संविधानको धारा १७ ले संघ संस्था खोल्ने स्वतन्त्रता नेपाली नागरिकहरुलाई मात्र प्रत्याभूत गरेको र संस्था दर्ता ऐन, २०३४ ले सो ऐन अन्तर्गत रही संस्था दर्ता गर्न नेपाली नागरिक हुनु पर्ने व्यवस्था गरेको भए तापनि गैर आवासीय नेपाली संघ गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ को दफा १६ तथा ऐ. नियमावली, २०६६ को परिच्छेद ४ बमोजिम गैर आवासीय नेपालीको हैसियतमा मात्र खोल्न पाइने विशेष प्रकृतिको संस्था हो । सुशासन प्रवर्धन गर्न परराष्ट्र मन्त्रालयले गैर आवासीय नेपाली सम्बन्धी नियमावली, २०६६ को नियम १६ को उपनियम (२) ले दिएको अधिकारको प्रयोग गरी सम्मानित अदालतबाट रिट नम्बर ०७९-WO-१५०७ को निवेदनमा मिति २०८०।१२।२१ मा जारी आदेश समेतको आधारमा संघलाई दिएको पत्राचारबाट निवेदकहरुको संघ संस्था खोल्न पाउने स्वतन्त्रता, कानूनको समान संरक्षणको हक, स्वच्छ सुनुवाईको हक र सम्पत्ति सम्बन्धी हकलाई कुण्ठित नगरिएको हुँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ खारेज गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

९. सरोकारवाला राजेश शमशेर राणाको तर्फबाट सुनुवाईमा सरिक हुन उपस्थित विद्वान

वरिष्ठ अधिवक्ता श्री शम्भु थापा, विद्वान अधिवक्ताहरु श्री सरोज कृष्ण घिमिरे, श्री थानेश्वर काफ्ले, श्री रामेश्वर न्यौपाने र श्री रोशनी पौड्यालले सम्मानित अदालतबाट मिति २०८०।१२।२१ मा भएको फैसलालाई निवेदकले अन्यथा भन्न सक्नु भएको छैन। समानस्तरको संयुक्त इजलासले गरेको फैसला यस इजलासबाट पुनरावलोकन गर्न मिल्ने होइन। दशौं महाधिवेशन विवादमा परे पछि त्यस पछि भएको कुनै पनि कामले वैधता पाउन सक्दैन। परराष्ट्र मन्त्रालयबाट मिति २०८०/१२/२८ को प.सं. २०८०/८१, च.नं. PPDO/MI२०४० को पत्राचारले विपक्षीहरुको कामकारवाहीमा कुनै असर गरेको नहुँदा हकदैया विहिन प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

१०. उपर्युक्त बमोजिमको रिट निवेदन व्यहोरा, प्रत्यर्थीहरुको लिखित जवाफमा लिइएका जिकिरहरु, दुवै पक्षका विद्वान् कानून व्यवसायीहरु र विद्वान सहन्यायाधिवक्ताहरुबाट प्रस्तुत भएका तर्कपूर्ण बहस बुँदालाई समेत मध्यजनर गरी मिसिल संलग्न कागजातहरु अध्ययन गरी हेर्दा प्रस्तुत रिट निवेदनका सन्दर्भमा मुलतः देहायका प्रश्नहरु निरुपण हुनुपर्ने देखिन आयोः

क. विपक्षी परराष्ट्र मन्त्रालयबाट निवेदकलाई मिति २०८०/१२/२८ मा लेखिएको पत्र कानूनसम्मत देखिन्छ वा देखिँदैन ?

ख. रिट निवेदन माग बमोजिमको कुनै आदेश जारी गरी हुनुपर्ने हो वा होइन ?

११. पहिलो प्रश्न तर्फ विचार गर्दा, रिट निवेदकले गैरकानूनी भनी चुनौति दिएको परराष्ट्र मन्त्रालयले गैर आवासिय नेपाली संघको सचिवालय बालुवाटार काठमाण्डौलाई संबोधन गरी मिति २०८०।१२।२८ मा लेखिएको पत्रमा "श्री सर्वोच्च अदालतको आदेश अनुरुप समानान्तर रुपमा गठन गरिएको अन्तर्राष्ट्रिय समन्वय परिषद् र तत्पश्चातको संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्वाचन लगायतका अन्य काम कारवाही तथा गतिविधिहरुले अधिकारिकता प्राप्त नगर्ने भएको हुँदा सोही आदेश बमोजिम तोकिएको उच्च स्तरिय समितिले एकताको महाधिवेशन गरी नयाँ अन्तर्राष्ट्रिय समन्वय परिषद्को गठन नभए सम्मका लागि संघको सचिवालयबाट नियमित प्रशासनिक काम कारवाही बाहेक संघको गरिमा, एकता, उद्देश्य र प्रभावकारितामा प्रभाव पार्ने, अतिरिक्त आर्थिक

दायित्व वहन गर्नु पर्ने, गैर आवासीय नेपालीहरुको एकता, पारस्परिक सहयोग र सद्भाव अभिवृद्धिमा आघात पुग्ने प्रकारका कुनै पनि गतिविधिहरु नगर्नु हुन तथा नगराउनु हुन गैर आवासीय नेपाली सम्बन्धी नियमावली, २०६६ को नियम १६ को उपनियम (२) बमोजिम अनुरोध गरिएको छ" भन्ने व्यहोरा समेत उल्लेख भएको देखिन्छ।

१२. बिदेशमा बस्ने नेपालीहरुलाई एकजुट गराउने, नेपाल भित्र र बाहिर उनीहरुको हितलाई प्रवर्धन गर्ने र नेपालको हितमा उनीहरुको योगदान गर्न परिचालन गर्ने एक गैर नाफामुलक सामाजिक संस्थाको रुपमा कार्य गर्न गैर आवासिय नेपाली संघको स्थापना भएको कुरामा विवाद देखिँदैन। बिधायिका निर्मित गैर आवासिय नेपाली सम्बन्धी ऐन, २०६४ को दफा १६ ले यो संघलाई कानूनी मान्यता प्रदान गरेको र ऐनको दफा १८ बमोजिम नेपाल सरकारले बनाएको गैर आवासिय नेपाली सम्बन्धी नियमावली, २०६६ को नियम १२ ले संघको दर्ता र नवीकरण गर्ने अधिकार नेपाल सरकार परराष्ट्र मन्त्रालयलाई सुम्पिएको देखिन्छ। साथै उक्त नियमाबलीको नियम १६ को उपनियम (१) मा संघको लेखा तथा काम कारवाहीको सम्बन्धमा मन्त्रालयले अनुगमन गर्न सक्ने, उपनियम (२) मा अनुगमन गर्दा संघको काम कारवाहीमा कुनै सुधार गर्न आवश्यक देखिएमा मन्त्रालयले आवश्यक निर्देशन दिन सक्ने र उपनियम (३) मा मन्त्रालयले दिएको निर्देशनको पालना गर्नु संघको कर्तव्य हुने व्यवस्था समेत गरिएको देखिन्छ। विपक्षी मन्त्रालयले मिति २०८०।१२।२८ मा निवेदक संघको सचिबालयलाई लेखेको पत्रमा गैर आवासिय नेपाली सम्बन्धी नियमावली, २०६६ को नियम १६ को उपनियम (२) बमोजिम अनुरोध गरेको भन्ने व्यहोरा समेत परेको देखिए पनि यथार्थमा उक्त पत्र नियमाबलीको नियम १६ ले मन्त्रालयलाई दिएको संघको लेखा तथा काम कारवाहीको अनुगमन गरी अनुगमनबाट काम कारवाहीमा सुधार गर्न आवश्यक देखेको कारण दिएको निर्देशन भन्ने तथ्य प्रथम दृष्टिमा नै उक्त पत्रको रुप र व्यहोराबाट देखिन आउदैन। उक्त पत्राचार मुलतः निवेदक राजेश शमशेर राणा बिरुद्ध परराष्ट्र मन्त्रालय समेत भएको रिट नम्बर ०७९-WO-१५०७ को निवेदनमा मिति २०८०।१२।२१ मा यस अदालतबाट जारी भएको आदेशको आधारमा गरिएको भन्ने तथ्य बिपक्षीको लिखित जवाफ व्यहोराबाट स्पष्ट हुन्छ।

सर्वोच्च अदालत
काठमाडौं

१३. यस अदालतबाट मिति २०८०।१२।२१ मा जारी आदेश हेर्दा गैर आवासिय नेपाली संघको दशौं अन्तर्राष्ट्रिय महाधिवेशन समानान्तर रुपमा दुई स्थानमा सम्पन्न भएकोले दुई महाधिवेशन मध्ये उक्त रिट निवेदनका निवेदक राजेश शमशेर राणाले मार्च २२ देखि २५, २०२२ (सम्वत २०७८।१२।८-११) मा होटल याक एण्ड यतिमा सम्पन्न दशौं महाधिवेशनलाई वैधानिक तवरले सम्पन्न भएको भनी दावी लिएको र उक्त रिट निवेदनका विपक्षीहरुले मिति २०७८।१२।१२ देखि १३ सम्म होटल हिमालय कुपण्डोलमा भएको महाधिवेशन र त्यसले निकालेको निष्कर्षले मान्यता पाउनु पर्ने भन्ने मुख्य विवाद निरुपणसंग सम्वन्धित रहेको देखिन आयो। उक्त रिट निवेदनमा यस अदालतले गैर आवासिय नेपाली संघको दशौं महाधिवेशन भनी परस्परमा दावी गरिएका दुवै समानान्तर महाधिवेशनले मान्यता पाउन नसक्ने ठहर गरी विपक्षी परराष्ट्र मन्त्रालयको नाममा ८ बुँदाको उपयुक्त आदेश समेत जारी भएको मिसिलबाट देखिन्छ। उक्त आठ वटा बुँदा मध्ये कुनै पनि बुँदामा **नयाँ अन्तर्राष्ट्रिय समन्वय परिषद्को गठन नभए सम्मका लागि संघको सचिवालयबाट नियमित प्रशासनिक काम कारवाही बाहेक संघको गरिमा, एकता, उद्देश्य र प्रभावकारितामा प्रभाव पार्ने, अतिरिक्त आर्थिक दायित्व बहन गर्नु पर्ने, गैर आवासीय नेपालीहरुको एकता, पारस्परिक सहयोग र सद्भाव अभिवृद्धिमा आघात पुग्ने प्रकारका कुनै पनि गतिविधिहरु नगर्नु नगराउनु** भन्ने व्यहोराको आदेश समावेश भएको देखिन आउँदैन।

१४. गैर आवासिय नेपाली सम्वन्धी नियमावली, २०६६ को नियम १३ मा संघको साधारण सभा कम्तीमा दुई वर्षमा एक पटक बस्न पर्ने गरी विधानमा व्यवस्था गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ भने संघको विधानको दफा १४ मा संघको साधारणसभा प्रत्येक वर्ष गरिने र दफा १३ ले अन्तर्राष्ट्रिय महाधिवेशन संघको सर्वोच्च अंग हुनेछ भन्दै अन्तर्राष्ट्रिय महाधिवेशन कम्तीमा दुई वर्षमा एक पटक बस्नेछ भन्ने व्यवस्था समेत गरेको पाइयो। तत्कालीन अवस्थामा संघको दशौं महाधिवेशन विवादित भई यस अदालतमा रिट नम्बर ०७९-WO-१५०७ विचाराधीन रहेको भए पनि गैर आवासिय नेपाली सम्बन्धी नियमावली र विधान बमोजिम आवधिक रुपमा गर्नुपर्ने अन्तर्राष्ट्रिय महाधिवेशन र साधारण सभा नगर्नको लागि उक्त रिट निवेदनको रोहमा कुनै अन्तरिम आदेश जारी भएको पनि

देखिंदैन। यस स्थितिमा नियमावली तथा विधान बमोजिम गर्नु पर्ने संघको साधारण सभा २०२२ मिति २०७९।६।२४ (सन २०२२ अक्टोबर १०) र मिति २०७९।६।२६ (सन २०२२ अक्टोबर १२) मा सम्पन्न भएको र उक्त साधारण सभाले गैर आवासिय नेपाली संघको विधान २००३ को संशोधन समेत गरी प्रमाणिकरणको लागि मिति २०७९।१०।६ मा परराष्ट्र मन्त्रालयमा पेश गरेकोमा माननीय परराष्ट्रमन्त्री स्तरीय निर्णयबाट मिति २०७९।११।१४ मा संशोधित विधान प्रमाणीकरण समेत भएको मिसिलबाट देखिएको छ। यसरी संघको साधारणसभाबाट पारित संशोधित विधान बमोजिम गैर आवासिय नेपाली संघको ११ औं अन्तर्राष्ट्रिय महाधिवेशन (बार्षिक साधारण सभा २०२३ समेत) मिति २०८०।०६।३० (सन २०२३ अक्टोबर १७) देखि मिति २०८०।७।५ (सन २०२३ अक्टोबर २३) सम्म सम्पन्न भएको र सोको माइन्यूट मन्त्रालयको जानकारीको लागि मिति २०८०।७।१० मा पेश गरिएको मिसिल संलग्न कागजातबाट देखिन आउछ। उक्त अन्तर्राष्ट्रिय महाधिवेशनले सन २०२३ -२०२५ को कार्यकालको लागि अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारीहरुको निर्वाचन समेत सम्पन्न गरेको र उक्त ११ औं महाधिवेशनको बैधताबारे संघ सम्बद्ध कसैले प्रश्न नउठाएको भन्ने समेत रिट निवेदनमा उल्लेख भएको देखियो।

१५. जहाँसम्म संघको दशौ महाधिवेशन विवादमा परे पछि त्यस पछि भएको कुनै पनि कामले बैधता पाउन सक्दैन भनी सुनुवाईमा सरिक हुन उपस्थित पक्षको तर्फका बिद्वान कानून व्यवसायीहरुले गर्नु भएको तर्क छ सो सम्बन्धमा हेर्दा, गैर आवासिय संघको सर्वोच्च अङ्गको रुपमा अन्तर्राष्ट्रिय महाधिवेशन रहेको, विधानमा व्यवस्था भए बमोजिम आवधिक रुपमा २/२ वर्षमा सम्पन्न हुने महाधिवशेनहरु एक अर्काको मातहतमा रहने अङ्ग नभई हरेक अन्तर्राष्ट्रिय महाधिवेशन स्वयंमा सार्वभौम र स्वायत्त अङ्ग हुने भएकोले दशौं महाधिवेशनको बैधता विवादित भएको भन्ने आधारमा गैर आवासिय नेपाली सम्बन्धी ऐन, नियमावली र विधान बमोजिम हरेक दुई बर्षमा सम्पन्न हुनै पर्ने त्यस पछिको महाधिवशेन समेत गर्न नमिल्ने वा त्यसको बैधतामा स्वत: प्रश्न उत्पन्न हुने भंनी गरिएको तर्कको कानूनी, न्यायोचित एवं विवेकसम्मत आधार देखिन आएन।

१६. यसरी गैर आवासिय नेपाली संघको साधारण सभा २०२२ मिति २०७९।६।२४ (सन २०२२ अक्टोबर १०) र मिति २०७९।६।२६ (सन २०२२ अक्टोबर १२) मा भएको र उक्त साधारण सभाले गैर आवासिय नेपाली संघको विधान २००३ को संशोधन समेत गरी प्रमाणिकरणको लागि २०७९।१०।६ मा परराष्ट्र मन्त्रालयमा पेश गरेकोमा माननीय परराष्ट्रमन्त्री स्तरीय निर्णयबाट मिति २०७९।११।१४ मा संशोधित विधान प्रमाणीकरण समेत भएर बसेको तथा सोही विधान बमोजिम ११ औं अन्तर्राष्ट्रिय महाधिवेशन समेत सम्पन्न भई सकेको भन्ने मिसिलबाट देखिएको छ। संघको विधान बमोजिम हुनु पर्ने २२ औं र २३ औं साधारण सभा समेत सम्पन्न भएका, ११ औं अन्तर्राष्ट्रिय महाधिवेशन सम्पन्न भई मिति २०८०।७।५ देखि नै निर्वाचित अन्तर्राष्ट्रिय समन्वय समितिले काम कारवाही गरिरहेको देखिएको, यस बीचमा संघको दर्ता नवीकरण गर्नको लागि गैर आवासिय नेपाली सम्बन्धी ऐन, २०६४ को दफा १६ र गैर आवासिय नेपाली सम्बन्धी नियमावली, २०६६ को नियम १२ मा व्यवस्था भए बमोजिम संघबाट पेश भएको बिवरण सहितको निवेदन उपर कारबाही समेत भई परराष्ट्र मन्त्रालयको (उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्री स्तर) को मिति २०८०।१२।२३ को निर्णयबाट संघको दर्ता नविकरण समेत भएको मिसिलबाट देखियो। यस स्थितिमा संघको काम कारवाही साधिकार निकायबाट अन्यथा नभएको र सो सम्बन्धमा यस अदालतबाट फैसला भएको रिट नम्बर ०७९-WO-१५०७ मा मिति २०८०।१२।२१ मा जारी आदेशमा समेत कुनै कुरा उल्लेख भएको नदेखिंदा पूर्ण पाठ नै नआउदै उक्त आदेशमा उल्लेख नै नभएको विषय समावेश गरी विपक्षी परराष्ट्र मन्त्रालयबाट मिति २०८०।१२।२८ मा जारी भएको पत्र कानून सम्मत देखिन आएन।

१७. अब निवेदकको माग बमोजिम कुनै आदेश जारी हुनु पर्ने हो वा होइन भन्ने दोस्रो प्रश्न तर्फ हेर्दा, रिट निवेदकले मुख्य रुपमा विपक्षी परराष्ट्र मन्त्रालयको मिति २०८०/१२/२८ को पत्र नेपालको संविधानको धारा १७(२) (घ), १८(१), २०(९) र धारा २५ द्वारा प्रदत्त मौलिक हकहरुका साथै कानूनी हकहरु समेत कुन्ठित भएको हुँदा उक्त पत्र उत्प्रेषणको आदेशले बदर गरी पाउँ भन्ने मागदावी लिएको देखिन्छ। वस्तुतः उत्प्रेषणको रिट मातहतका अदालत वा न्यायिक निकाय वा कुनै राज्यका निकायले

सर्वोच्च अदालत
काठमाडौं

आफूलाई प्राप्त क्षेत्राधिकारभन्दा बाहिर गएर निर्णय गरेको वा आफूलाई प्राप्त अधिकारको दुरुपयोग गरेको वा अधिकारको स्वेच्छाचारी एवं भेदभावपूर्ण प्रयोग गरेको वा अधिकारको प्रयोग बदनियतपूर्वक गरेको वा कानूनको देखादेखी त्रुटि हुने गरी प्रयोग गरेको वा प्राकृतिक न्यायको सिद्धान्त विपरीत हुने गरी प्रयोग गरेको छ भन्ने कुरा ठोस रुपमा पुष्टी हुन्छ त्यस्ता निर्णय बदर गरी सुन्यको अवस्थामा पुन्याउने विशेषाधिकारयुक्त रिटको रुपमा देखा पर्दछ। यति मात्र होइन, निहित स्वार्थका लागि अधिकारको जालसाजपूर्ण प्रयोग (Colourable Exercise of Power) भएको देखिएमा पनि त्यस्तो अधिकार प्रयोग गरी भएको निर्णय बदर गर्न उत्प्रेषणको आदेश जारी हुने स्थिति रहन्छ।

१८. प्रस्तुत रिट निवेदनमा चुनौति दिएको विपक्षी नेपाल सरकार परराष्ट्र मन्त्रालयले मिति २०८०।१२।२८ मा निवेदकको नाममा लेखिएको पत्रमा गैर आवासिय नेपाली सम्बन्धी नियमावली, २०६६ को नियम १६ को उपनियम (२) बमोजिम अनुरोध गरेको भन्ने व्यहोरा समेत परेको देखिए पनि यथार्थमा उक्त पत्र नियमावलीको नियम १६ ले मन्त्रालयलाई दिएको संघको लेखा तथा काम कारवाहीको अनुगमन गरी अनुगमनबाट काम कारवाहीमा सुधार गर्न आवश्यक देखेको कारण त्यस्तो विषयमा दिएको निर्देशन भन्ने प्रथम दृष्टिमा नै देखिन नआएको तथा उक्त पत्रमा यस अदालतबाट निवेदक राजेश शमशेर राणा विरुद्ध परराष्ट्र मन्त्रालय समेत भएको रिट नम्बर ०७९-WO-१५०७ मा मिति २०८०।१२।२१ मा जारी आदेशलाई समेत उधृत गरेको भए पनि पूर्ण पाठ प्राप्त नहुँदै उक्त पत्र जारी गरिएको र सो रिटको अन्तिम आदेशमा **नयाँ अन्तर्राष्ट्रिय समन्वय परिषद्को गठन नभए सम्मका लागि संघको सचिवालयबाट नियमित प्रशासनिक काम कारवाही बाहेक संघको गरिमा, एकता, उद्देश्य र प्रभावकारितामा प्रभाव पार्ने, अतिरिक्त आर्थिक दायित्व बहन गर्नु पर्ने, गैर आवासीय नेपालीहरुको एकता, पारस्परिक सहयोग र सद्भाव अभिवृद्धिमा आघात पुग्ने प्रकारका कुनै पनि गतिविधिहरु नगर्नु नगराउनु** भन्ने व्यहोराको आदेश समावेश भएको समेत नदेखिएको कुरा माथिका प्रकरणहरुमा विवेचना भई सकेको छ। अतः उक्त पत्रलाई कानून सम्मत मान्न नमिलेकोले उत्प्रेषणको आदेशद्वारा बदर गर्नुपर्ने देखिन आयो। यस अदालतबाट रिट नम्बर ०७९-WO-१५०७ मा भएको फैसलाको पूर्ण पाठ तयार भईसकेको अवस्था हुँदा उक्त फैसलाले नेपाल

सरकार परराष्ट्र मन्त्रालयको नाममा जारी आदेश कार्यान्वियन गर्नको लागि जो जे कर्तव्य निर्वाह गर्नुपर्ने हो सो कार्य विपक्षी मन्त्रालयबाट हुने नै हुँदा सो सम्बन्धमा यस रिट निवेदनको रोहबाट थप बोलि रहन पर्ने देखिएन।

१९. तसर्थः माथिका प्रकरणहरुमा बिवेचित आधार र कारणबाट विपक्षी परराष्ट्र मन्त्रालयले निवदेक गैर आवासिय नेपाली संघको सचिवालयलाई मिति २०८०।१२।२८ मा लेखेको पत्र यस अदालतबाट मिति २०८०।१२।२१ मा जारी रिट निवेदनको संक्षिप्त आदेशको आधारमा जारी भएको देखिएको र उक्त निवेदनमा यस अदालतबाट तयार भई मिसिल संलग्न भएको फैसलाको पूर्ण पाठमा विपक्षी मन्त्रालयबाट उक्त बिबादित पत्रमा लेखिए बमोजिमको आदेश वा व्यहोरा समावेश भएको समेत नदेखिंदा मिति २०८०।१२।२८ को परराष्ट्र मन्त्रालयको पत्र कानून सम्मत मात्र नमिलेकोले उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। प्रस्तुत आदेशको प्रतिलिपि सहितको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षी परराष्ट्र मन्त्रालयमा पठाई दिनू। प्रस्तुत आदेशको विधुतीयप्रति सफ्टवेयरमा अपलोड गरी आदेशको पीठमा जनाउनू। प्रस्तुत रिट निवेदन दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार यस अदालतको अभिलेख शाखामा बुझाई दिनू।

(टेकप्रसाद ढुङ्गाना)
न्यायाधीश

उक्त आदेशमा सहमत छु।

(तिल प्रसाद श्रेष्ठ)
न्यायाधीश

इजलास अधिकृत : सविना तामाङ
फैसला टाइप गर्ने नायव सुब्बाः भुपा राज राई
ईति सम्बत २०८१ साल साउन महिना २२ गते रोज ३ शुभम् ------------------।